## कटहरिया नगरपालिका

# स्थानीय राजपत्र


कटहरिया नगरपालिकाद्वारा प्रकाशित

खण्डः ४, संख्या : २, मिति : २०७८/०८/०१


# भाग-२

## कटहरिया नगरपालिका नगर कार्यपालिकाको

# सूचना

## समुदायिक विद्यालयमा करार शिक्षक  तथा कर्मचारी छनौट सम्बन्धी कार्यविधि, २०७८

कटहरिया नगर कार्यपालिकाबाट पारित मितिः २०७८।०७।३०

**प्रस्तावना :** नेपालको संविधानको अनुसूची ८ मा भएको व्यवस्था तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ (ज) मा भएको व्यवस्था बमोजिम आधारभूत र माध्यमिक तहको शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन, र नियमन गर्ने लगायतका कार्यहरु स्थानीय तहको भएको, कटहरिया नगरपालिका शिक्षा ऐन, २०७६ को दफा २२ मा शिक्षक छनौट व्यवस्था भएको, ऐनको दफा ५१ बमोजिम शिक्षा ऐनको कार्यान्वयन गर्न आवश्यक कार्यविधि बनाउन सक्ने व्यवस्था समेत रहेको र कटहरिया नगरपालिका शिक्षा नियमावली २०७८ को नियम १२३ बमोजिम कटहरिया नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने सेवा करार शिक्षक तथा स्वयम्सेवक शिक्षक एवं रिक्त रहेका नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा अस्थायी करार, राहत, विद्यालय सहायक कर्मचारी, विद्यालय सहयोगी र बालविकास सहजकर्ता समेतको छनौट पद्धतिलाई व्यवस्थित बनाई विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न वान्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम नगर कार्यपालिकाको मिति २०७८।०७।३० को बैठकबाट स्वीकृत गरी यो कार्यविधि लागू गरेको छ ।

कटहरिया नगरपालिका

## परिच्छेद १
## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम **'सामुदायिक विद्यालयमा करार शिक्षक तथा कर्मचारी छनौट सम्बन्धी कार्यविधि, २०७८'** रहेको छ ।

(२) यो कार्यविधि कटहरिया नगरपालिकाभित्र तुरुन्त लागु हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अन्य अर्थ नबुझाएमा यस कार्यविधिमा :

(क) "विद्यालय" भन्नाले कटहरिया नगरपालिका अन्तर्गत बालबिकास कक्षा, कक्षा १ देखि १२ सम्मका शैक्षिक संरचनामा रहेका आधारभूत तह वा नि.मा.वि./मा.वि.तह का सम्पूर्ण सामुदायिक विद्यालय सम्झनुपर्दछ ।

(ख) "नगरपालिका" भन्नाले कटहरिया नगरपालिकालाई सम्झनुपर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले कटहरिया नगरपालिकाको नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ ।

(घ) "विषय विशेषज्ञ" भन्नाले आधारभुत तह -कक्षा १-८) र माध्यमिक तह -कक्षा ९-१२) सम्म शिक्षक छनौट तथा सिफारिस गर्ने परीक्षा संचालनका लागि यस नगरपालिकामा कार्यविधिको नियम (४) बमोजिम सूचीकृत भएका आधारभुत र माध्यमिक तहका शिक्षक तथा स्रोत व्यक्ति समेतलाई सम्झनु पर्दछ ।

(ङ) "विद्यालय कर्मचारी" भन्नाले विद्यालय सहयोगी, विद्यालय सहायक वा शिक्षक बाहेक विद्यालयमा नियमित हाजिर भई तलबसुविधा लिई काम गर्ने जुनसुकै कर्मचारी सम्झनुपर्दछ ।

(च) "नगर शिक्षा समिति" भन्नाले कटहरिया नगरपालिकाको नगर शिक्षा समितिलाई सम्झनुपर्दछ ।

(छ) "सामुदायिक विद्यालयमा करार शिक्षक तथा कर्मचारी छनौट समिति" भन्नाले कटहरिया नगरपालिकाको शिक्षा ऐन, २०७६ को दफा २२ (१) बमोजिमको समिति तथा नगरपालिकाबाट करार सेवामा लिई विषय विज्ञको रुपमा उपलब्ध गराईने शिक्षकहरुको छनौटका लागि कार्यविधिको नियम (३) बमोजिम गठन गरिएको समिति समेतलाई सम्झनुपर्दछ ।

(ज) "परीक्षा" भन्नाले करारका शिक्षक छनोट गर्न लिइने लिखित र मौखिक तथा प्रयोगात्मक परीक्षा सम्झनुपर्दछ र सो शब्दले स्वयं सेवक शिक्षक, बाल विकास सहजकर्ता, विद्यालय सहायक कर्मचारी तथा विद्यालय सहयोगीको छनौटको परिक्षा समेतलाई जनाउदछ ।

(झ) "शिक्षा शाखा" भन्नाले नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनुपर्दछ ।

(ञ) "शिक्षा अधिकृत" भन्नाले नगरपालिकाको शिक्षा अधिकृतलाई सम्झनुपर्दछ ।

(ट) "विद्यालय व्यवस्थापन समिति" भन्नाले सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख तथा व्यवस्थापनको लागि गठित विद्यालय व्यवस्थापन समिति भन्ने सम्झनुपर्दछ ।

(ठ) "प्रधानाध्यापक" भन्नाले नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयको प्रधानाध्यापकलाई सम्झनुपर्दछ ।

कटहरिया नगरपालिका

## परिच्छेद -२
## शिक्षक तथा कर्मचारी छनौट समितिको संरचना

३. **शिक्षक तथा कर्मचारी छनौट समिति :** (१) यस कटहरिया नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा रिक्त सेवा करार शिक्षकहरुका लागि नगरपालिकाले तलबभत्ता उपलब्ध गराउने गरी ऐन बमोजिम सिर्जना भएको सेवा करार कोटा वा यस ऐन लागू हुँदाका बखत नगरपालिकाको स्रोतबाट तलब भत्ता उपलब्ध भएमा र नेपाल सरकारबाट स्वीकृत दरबन्दी तथा राहत करार रिक्त पदमा शिक्षक नियुक्ति गर्नका लागी देहाय बमोजिमको शिक्षक तथा कर्मचारी छनौट समिति गठन गरिनेछ :

(क) कटहरिया नगरपालिकाको प्रमुख वा निजले तोकेको व्यक्ति - संयोजक
(ख) नगरपालिका क्षेत्रभित्रका शिक्षा विज्ञ मध्येबाट २ जना - सदस्य
(ग) नगर भित्रका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट एक जना - सदस्य
(घ) नगर शिक्षा अधिकृत - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिले शिक्षक तथा कर्मचारी छनौट गर्दा लिखित, मौखिक वा प्रयोगात्मक वा सबै किसिमको जाँच लिई तोकिएको प्राप्तांक भन्दा बढि ल्याउने उम्मेदवार मध्ये सबैभन्दा बढी अंक ल्याउने उम्मेदवारलाई नगरपालिकाको अनुदानमा र रहात कोटामा नियुक्त हुने शिक्षक, कर्मचारी र बाल शिक्षिका वा स्वयं सेवक शिक्षकको हकमा नियुक्तिका लागि नगरपालिका समक्ष सिफारिस गर्नु पर्नेछ र नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा करार शिक्षक नियुक्त गर्नुपर्नेमा सम्बन्धित विद्यालयलाई नियुक्तिका लागि सिफारिस गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमसिफारिस भएको उम्मेदवारलाई नगर कार्यपालिकाको स्वीकृतिमा प्रमुख प्रशासकिय अधिकृतले शिक्षक खाली रहेको तथा बिषय मिल्ने विद्यालयमा कामकाज गर्ने गरी नियुक्ति पत्र दिनेछ। त्यसरी नियुक्ति पत्र दिई कामकाज गर्न खटाईएको शिक्षकलाई सम्बन्धित विद्यालयले हाजिरी गराई सो को जानकारी नगरकार्यपालिकामा गराउनु पर्नेछ र नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा सिफारिस गरीएकोमा सम्बन्धीत विद्यालयले नियुक्ति दिइ सो को जानकारी नगर कार्यपालिकाको कार्यालय, शिक्षा तथा खेलकुद शाखामा गराउनु पर्नेछ।

(४) शिक्षक तथा कर्मचारी छनौट समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(५) उपदफा (१) बमोजिमको समितिले शिक्षक तथा कर्मचारी नियुक्ति गर्ने प्रयोजनका लागि उपदफा (३) बमोजिम उत्कृष्ट उम्मेदवार छनौट गर्दा प्रतीक्षा करार सुचिमा रहेको ६ महिना नकटेको उपलब्ध भएमा तथा रिक्त कोटाको बिषय र योग्यता मिल्ने भएमा बिज्ञापन नगरी सोझै नियुक्ति गर्न समितिले नगर कार्यपालिकालाई सिफारिस गर्न सक्नेछ।

कटहरिया नगरपालिका

(६) शिक्षक तथा कर्मचारी छनौट समितिको बैठक, योजना निर्माण वा सो समितिले सञ्चालन गर्ने परीक्षा लगायतको काममा लाग्ने सम्पूर्ण खर्च नगर कार्यपालिकाको कार्यालयले उपलब्ध गरउनेछ ।

## परिच्छेद- ३
## विषय विशेषज्ञको सूची तयार गर्ने

४. **विषय विशेषज्ञको छनौट :** (१) नगरपालिकाले सेवा करार र नेपाल सरकारबाट स्वीकृत रिक्त दरबन्दी तथा अनुदानमा शिक्षक छनौटका लागि विज्ञहरुको सूची छनौट गर्दा आधारभूत / प्राथमिक तहको (१ देखि ५ कक्षा सम्मको) लागी शिक्षा संकायमा स्नातक उत्तीर्ण गरी ५ वर्ष अध्यापन गरेको नि.मा.वि.तह वा आधारभूत तह (कक्षा ६ देखि कक्षा ८) मा अध्यापन गर्ने शिक्षकको लागी शिक्षा संकायबाट सम्बन्धित विषयमा स्नातक उत्तीर्ण गरी ५ वर्ष अध्यापन गरेको, माध्यमिक तह तृतिय श्रेणीको लागी सम्बन्धित विषयमा स्नाकोत्तर तह उत्तीर्ण गरी माध्यमिक तहमा ५ वर्षको अध्यापन अनुभव भएको शिक्षकबाट बिशेषज्ञको दरखास्त अव्हान गरी विषयानुसार विज्ञको सूची नगरपालिकाले तयार गर्नेछ ।

तर माध्यमिक तह दितिय श्रेणिको रिक्त पदमा शिक्षक नियुक्तिको लागी विषय विज्ञ नियुक्त गर्दा माध्यमिक तह दितीय श्रेणीमा कार्यरत रही स्थाई वा अस्थाई सेवा अवधि ५ बर्ष भएको शिक्षकबाट बिषय बिशेषज्ञको दरखास्त अव्हान गरी बिषयानुसार विज्ञको सूची नगरपालिकाले तयार गर्नेछ ।

(२) उपदफा (१) बमोजिम छनौट गरिएका कुनै विज्ञ उपर चित्त नबुझेमा सुचना प्रकाशित भएको सातदिन भित्र आवश्यक सबुत प्रमाण सहित नगर कार्यपालिकाको कार्यालयमा उजुरी गर्न पाइनेछ ।

(३) शिक्षक नियुक्तिका लागी आवश्यक विषयहरुको प्रश्नपत्र निर्माण गर्नका निमित्त शिक्षक तथा कर्मचारी छनौट समितिले विषयगत बिशेषज्ञको सुची तयार गर्नेछ ।

(४) दफा (१)बमोजिम तयार पारिएको विषयगत विशेषज्ञको सूची १ बर्षको लागी मात्र हुनेछ । प्रत्येक आर्थिक वर्षमा त्यस्ता विषयगत विशेषज्ञको सूची अद्यावधिक गरिनेछ ।

(५) शिक्षक तथा कर्मचारी छनौट समितिले तयार गरेको विषयगत विशेषज्ञहरुको सूचीबाट नै तोकिएको ढाचा एबम पाठ्यक्रम अनुसार प्रश्नपत्रको निर्माण गर्नुपर्नेछ ।

(६) विषय बिषेशज्ञ द्वारा निर्मित प्रश्नपत्रलाई शिक्षा अधिकृत वा शिक्षा तथा खेलकुद शाखा प्रमुखले आवश्यकता अनुसार सम्बन्धित विषयको विषय विशेषज्ञ समेत समावेस गरी परिमार्जन गरी प्रश्नपत्रलाई अन्तिम रुप दिई सिलबन्दी गरेर प्रश्नपत्र बैंकमा राख्नेछ । उक्त परिमार्जन गर्दा लाग्ने खर्च नगरपालिकाबाट नियमानुसार व्यवस्था गरिनेछ ।

(७) प्रश्नपत्रको निर्माण गर्दा अत्यन्तै गोपनियताका साथ तयार गर्नु पर्दछ । यसरी तयार गरिएको प्रश्नपत्र नगरकार्यापालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।

(८) यस नगरपालिकामा रहेका शिक्षकका पेशागत संघ संगठनका प्रतिनिधिलाई राखी आवश्यकता ठानिएमा यस विषयको सम्बन्धमा आवश्यक सहयोग लिईनेछ ।

## परिच्छेद- ४
## अनुमति तथा बिज्ञापन

५. **अनुमति :** (१) सामुदायिक विद्यालय, अनिवार्य अवकाश, स्वेच्छिक अवकाश, सरुवा र अन्य कारणबाट रिक्त रहेको स्वीकृत दरवन्दी वा राहत, अनुदान कोटामा करारमा शिक्षक नियुक्ति गर्नका लागी विद्यालयले रिक्त भएको कारण जनाई शिक्षक नियुक्तिका लागि अनुमति माग भएमा कटहरिया नगरपालिकामा रहेको विद्यालय गत शिक्षक दरबन्दी तेरिज अनुसार ठिक भएमा १५ दिनको विज्ञापनको म्याद सहित शिक्षक नियुक्ति सम्बन्धी प्रकृयाहरु उल्लेख गरी विज्ञापन प्रकाशन गरिनेछ ।

(२) अनुमति प्रदान गर्दा आधारभूततह १ देखि ५ मा एउटा पनि महिला शिक्षक नभएको खण्डमा महिला शिक्षक नियुक्ति गर्ने गरी र ३ सम्म दरबन्दी भएमा १ महिला ३ भन्दामाथि दरवन्दी भएमा सोही आधारमा क्रमश: थप महिला शिक्षक नियुक्ति गर्ने गरी र आधारभूत तह ६ देखि ८ र माध्यमिक तहका लागि विषयगत रुपमा करारमा शिक्षक नियुक्ति गर्ने गरी बिज्ञापन गरिनेछ ।

(३) विद्यालय व्यवस्थापन समितिको गठन नभएको, गठन भएपनि कानुन बमोजिम पदावधी सकिएको र पदावधी सकिएकोमा अर्को विद्यालय व्यवस्थापन समितिको गठन नभइ सकेको अवस्थामा सामुदायिक विद्यालयका अनिवार्य अवकाश, स्वेच्छिक अवकाश, सरुवा र अन्य कारणबाट रिक्त रहेको स्वीकृत दरवन्दी, राहत, अनुदान कोटा र स्वयंसेवक शिक्षकमा करारमा शिक्षक नियुक्ति गर्नका लागी सम्बन्धित विद्यालयका प्र.अ.ले शिक्षा तथा खेलकुद शाखा मार्फत नगर कार्यपालिकाको कार्यालयमा अनुरोध गरेमा उपदफा (१) बमोजिमको विज्ञापन नगर शिक्षा समितिले नगर कार्यपालिकाको कार्यालय अन्तर्गतको शिक्षा तथा खेलकुद शाखालाई विज्ञापन अनुमति प्रदान गर्नेछ र शिक्षा तथा खेलकुद शाखाले विज्ञापन गरी शिक्षक तथा कर्मचारी छनौट समितिले शिक्षक छनौट गर्नेछ ।

६. **विज्ञापन सम्बन्धि व्यवस्था :** (१) दफा ५ को उपदफा (१) र (३) मा व्यवस्था भएको शिक्षक तथा कर्मचारी छनौट समितिले करार शिक्षक वा कर्मचारी नियुक्तिका लागी अनुमती प्राप्त गरेपछि बैठक बसी कम्तिमा १५ दिनको विज्ञापन गर्नु पर्नेछ ।

(२) विज्ञापन गर्दा कटहरिया नगरपालिका, सम्बन्धित बिद्यालय, वार्ड कार्यालय तथा सम्भव भए सम्म स्थानीय पत्रपत्रीका तथा एफएममा समेत विज्ञापन सम्बन्धी तोकिएका सर्तहरु खुलाई विज्ञापन गर्नुपर्नेछ ।

कटहरिया नगरपालिका

(३) दरखास्त प्राप्त भई सकेपछि छानबिन गरि रितपूर्वक पेश भएका दरखास्तलाई दर्ता गरी उम्मेदवारलाई प्रवेश पत्र प्रदानगर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम पर्न आएका दरखास्त छानबिन गर्दा रित पुगेको नदेखिएमा, भुठा बिवरण दिएको वा परीक्षाको मर्यादा भंग गरेमा त्यस्तो उम्मेदवारको दरखास्त समितिले जुनसुकै वखत रद्द गर्न सक्नेछ ।

(५) शिक्षक तथा कर्मचारी छनौट समितिले विषयगत प्रकृति हेरी छनौट सम्बन्धी थप आधारहरु समेत राख्न सक्नेछ ।

## परिच्छेद- ५
## शिक्षक तथा कर्मचारी छनौट प्रकिया

७. **शिक्षक तथा कर्मचारी छनौट प्रकिया** : (१) शिक्षक छनौट समितिको सचिवालय नगर कार्यापालीकाको कार्यालय वा शिक्षक तथा कर्मचारी छनौट समितिले तोकेको स्थानमा हुनेछ ।

(२) शिक्षक तथा कर्मचारी छनौट समितिले शिक्षक कर्मचारी छनौटका लागी लिईने लिखित तथा अन्तार्वाता परीक्षाको केन्द्र समितिले तोकेको स्थानमा हुनेछ तर प्राविधिक धारका विषय अध्यापन गर्ने शिक्षक वा प्रशिक्षक छनौट गर्दा प्रयोगात्मक परीक्षा सम्बन्धित विषयको प्रयोगशाला भएको स्थानमा राख्नु पर्नेछ ।

(३) शिक्षक तथा कर्मचारी छनौट समितिको बैठक सम्बन्धी कार्यबिधि सो समितिले आफै निर्धारण गरे बमोजिम हुनेछ ।

(४) सुचिकृत विषय विशेषज्ञ कुनै पनि शिक्षक संघ, संगठन वा महासङ्घको वहालवाला नेतृत्वपदमा कार्यभार सम्हाल्ने गरी कार्यरत रहेमा विषय विशेषज्ञको रुपमा मनोनित हुनपाईने छैन ।

(५) दरखास्त प्राप्त भइसके पछि छानबिन गरी रित पुगेको दरखास्तलाई दर्ता गरी दरखास्तवालालाई प्रवेशपत्र प्रदान गर्नु पर्नेछ । साथै स्वीकृत नामावलीको सूची टास गरी उम्मेदवारलाई लिखित तथा अर्न्तवार्ताको मिति समेत जानकारी गराउनुपर्नेछ ।

(६) परीक्षाको पाठ्यक्रम शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ । साथै दरखास्त शुल्क पनि शिक्षक सेवा आयोगले ताके भन्दा बढी हुनेछैन ।

(७) विद्यालय सहयोगी कर्मचारी, विद्यालय सहायक कर्मचारी र बाल विकास सहजकर्ता छनौट सम्बन्धी परिक्षाको पाठ्यक्रम र परिक्षा विधि शिक्षक कर्मचारी छनौट समितिले तोके बमोजिम हुनेछ ।

## परिच्छेद- ६
## विविध

८. **दरखास्त आह्वान** : (१) अनुमति पाएको लगत्तै विद्यालय वा नगरपालिकाले प्रदेश स्तरको पत्रिकामा दफा ६ बमोजिम सार्वजनिक सूचना प्रकाशित गरी दरखास्तका लागि आह्वान गर्नेछ । साथै सो सूचना नगरपालिकाको सूचना पाटीमा टाँस गर्नुपर्नेछ ।

(२) योग्य उम्मेदवारले रितपूर्वक **अनुसूची-१** बमोजिमको ढाँचामा नगरपालिकाको कार्यलय, शिक्षा तथा खेलकुद शाखामा दरखास्त पेश गर्नुपर्नेछ ।

(३) उपदफा (१) बमोजिम गरिएको विज्ञापनमा अध्यापन अनुमति पत्र भएको उम्मेदवारको दरखास्त नपरेमा पुनः विज्ञापन गरिने छ ।

(४) उपदफा (३) बमोजिम गरिएको विज्ञापनका लागि शिक्षक सेवा आयोग नियमावलीले तोकेको विषयको हकमा मात्र अध्यापन अनुमति पत्रलाई अनिवार्य गरिने छैन ।

९. **उम्मेदवारको लागि आवश्यक योग्यता :** (१) देहायका व्यक्तिहरु शिक्षक पदमा उम्मेदवार हुनको लागि योग्य हुनेछन् :

(क) नेपाली नागरिक

(ख) १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको

(ग) स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गरेको ।

(घ) मगज नबिग्रेको

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको ।

(च) शैक्षिक योग्यता देहाय बमोजिम हुनु पर्नेछ :

१. आधारभूत तह १ कक्षा देखि ५ कक्षा सम्मको अध्यापन गर्ने गरी दरखास्त दिनेको लागि १२ कक्षा उत्तीर्ण वा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण भएको हुनु पर्ने ।

२. आधारभूत तह कक्षा ६ देखि कक्षा ८ सम्मको अध्यापन गर्ने गरी दरखास्त दिनेको लागि सम्ब प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको हुनु पर्ने ।

३. मा.वि. तहको तृतिय श्रेणीको लागि सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण भएको हुनु पर्ने छ ।

४. मा. वि. तहको द्बीतिय श्रेणीकोलागि सम्बन्धित विषयमा स्नातकोत्तर वा सो सरहमा कम्तिमा द्बीतिय श्रेणीमा उत्तीर्ण भएको हुनुपर्ने छ ।

(छ) प्रचलित कानूनले तोकेको अन्य योग्ता पुगेको हुनुपर्नेछ ।

(२) बालविकास सहजकर्ताको लागि देहाय बमोजिमको योग्यता भएको हुनुपर्नेछ :

(क) नेपाली नागरिक

(ख) १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको

(ग) मगज नबिग्रेको

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको ।

कटहरिया नगरपालिका

(ङ) एस्. एल्. सी. वा एस्.ई.ई. उत्तीर्ण गरेको

(च) महिला

(३) विद्यालय सहायक कर्मचारीको लागि देहाय बमोजिमको योग्यता भएको हुनुपर्नेछ :

(क) नेपाली नागरिक

(ख) १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको

(ग) मगज नबिग्रेको

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको ।

(ङ) प्रविणता प्रमाणपत्र तह वा १२ कक्षा उत्तीर्ण गरेको ।

(४) विद्यालय सहयोगीको लागि देहाय बमोजिमको योग्यता भएको हुनुपर्नेछ :

(क) नेपाली नागरिक

(ख) १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको

(ग) मगज नबिग्रेको

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको ।

(ङ) कक्षा ८ उत्तीर्ण गरेको

(५) प्रतियोगितामा भाग लिन चाहने उम्मेदवारले नगरपालिकाको शिक्षा तथा खेलकुद शाखाबाट निर्धारित दरखास्त फाराम भरी तोकिए बमोजिमको दस्तुर र प्रक्रिया पुरा गरी निर्धारित समयमा नै दरखास्त बुझाउनुपर्ने छ ।

(६) म्याद नाघी आएको दरखास्त उपर कुनै कामकारबाही गर्न नगरपालिका बाध्य हुने छैन् ।

१०. **परिक्षाको पूर्णाङ्क र उत्तीर्णाङ्क :** (१) सामुदायिक विद्यालयमा करार शिक्षक तथा कर्मचारी छनौट समितिबाट लिइने करार शिक्षक छनौट प्रतियोगितात्मक परिक्षाको पूर्णाङ्क देहाय बमोजिम हुनेछ :

(क) लिखित परीक्षा :

(१) सामान्य परीक्षा १०० अङ्क

(२) विषयगत परीक्षा १०० अङ्क

(ख) प्रयोगात्मक परीक्षा २५ अङ्क

(ग) अन्तर्वाता २५ अङ्क

(२) उपदफा (१) को खण्ड (क) बमोजिमको सामान्य परीक्षाको उत्तीर्णाङ्क पचास अङ्क, विषयगत परीक्षाको उत्तीर्णाङ्क चालीस अङ्क र खण्ड (ख) बमोजिमको परीक्षाको उत्तीर्णाङ्क दश अङ्क हुनेछ ।

(३) उपदफा (१) को खण्ड (क) को उपखण्ड (१) बमोजिमको सामान्य परीक्षामा उत्तीर्ण हुने उम्मेदवार मात्र सोही खण्डको उपखण्ड (२) बमोजिमको विषयगत परीक्षामा सहभागी हुन पाउनेछ ।



कटहरिया नगरपालिका

(४) समितिले उपदफा (१) को खखण्ड (क) बमोजिमको लिखित परीक्षाको नतीजा प्रकाशन गर्दा सामान्य परीक्षामा प्राप्त अङ्कको पचास प्रतिशत र विषयगत परीक्षामा प्राप्त अङ्क जोडी हुने कुल प्राप्ताङ्कको आधारमा गर्नेछ ।

(५) उपदफा (१) को खण्ड (क) को उपखण्ड (१) बमोजिमको सामान्य परीक्षाको किसिम वस्तुगत हुनेछ ।

११. **उत्तरपुस्तिका परीक्षण र अङ्कन** : (१) करार शिक्षक छनौट समिति वा शिक्षा शाखा प्रमुखको रोहवरमा सम्बन्धित परीक्षा केन्द्रमा सहभागी भएका उम्मेदवारहरुको उत्तरपुस्तिका विषय विशेषज्ञद्वारा परीक्षण र अङ्कन गरिनेछ ।

१२. **अन्तर्वार्ता** : (१) करार शिक्षक छनौट गर्दा अन्तर्वार्ताको लागि शिक्षक सेवा आयोगले निर्धारण गरे बमोजिम २५ अङ्कभार निर्धारण गरिने छ । यसरी तोकिएको अङ्कभार अनुसार उम्मेदवारलाई अङ्क प्रदान गर्दा ३५ प्रतिशत भन्दा कम र ७० प्रतिशत भन्दा बढी अङ्क प्रदान गरिने छैन ।

(२) उपदफा १ बमोजिम कम वा बढी अङ्क दिनुपर्ने भएमा अन्तर्वार्ताकारले स्पष्ट कारण खुलाउनु पर्ने छ ।

(३) अन्तर्वार्ता समितिमा प्रमुख प्रशासकीय अधिकृत, सम्बन्धित विषय विशेषज्ञ २ जना र शिक्षा शाखा प्रमुख सदस्य रहनेछन् । यस्तो समितिले दफा ११ को उपदफा (१) बमोजिमको अङ्कभार बमोजिम अन्तर्वार्ता लिनेछ ।

(४) उपदफा (३) बमोजिमको समितिले लिएको अन्तर्वार्ताको कुल प्राप्ताङ्कलाई जोडेर औषत प्राप्ताङ्क निकालिनेछ ।

(५) अन्तर्वाता तथा आवश्यकता अनुसार लिइने प्रयोगात्मक परिक्षा सम्बन्धी अन्य विधि प्रक्रिया शिक्षक सेवा आयोग नियमावली बमोजिम हुनेछ ।

१३. **योग्यताक्रम कायम** : (१) उम्मेदवारले लिखित परीक्षा र अन्तर्वार्तामा प्राप्त गरेको अङ्कलाई जोडेर एकीकृत प्राप्ताङ्क निकालिनेछ । यसरी निकालिएको प्राप्ताङ्कका आधारमा उम्मेदवारको योग्यताक्रम कायम गरिने छ ।

(२) उपदफा १ बमोजिम कायम गरिएको योग्यताक्रममा जुन उम्मेदवारको प्राप्ताङ्क बढी छ सोही उम्मेदवारलाई नै करार शिक्षक छनोट समितिले नियुक्तिका लागि नगरपालिका समक्ष सिफारिस गर्नेछ ।

१४. **नियुक्ति** : दफा १३ बमोजिम सिफारिस भएको उम्मेदवारलाई प्रमुख प्रशासकीय अधिकृतले र रिक्त भएको संघीय सरकारले उपलब्ध गराएको अनुदान तथा राहतकोटा, संघीय सरकारले तोकि पठाएको शिक्षण अनुदानको कोटा र स्वीकृत दरबन्दीको हकमा सम्बन्धित विद्यालयका प्र.अ.ले विद्यालयमा नियुक्ति गर्नेछ ।

१५. **वैकल्पिक उम्मेदवारलाई नियुक्त गर्न सक्ने** : (१) दफा १३ बमोजिम नियुक्त भएको शिक्षक सम्बन्धित विद्यालयमा १५ दिनभित्र हाजिर हुन नगएमा वा १ वर्षको अवधि पुरा नहुँदै बिचैमा शिक्षण पेशा छोडेमा वा निजले राजीनामा दिएमा वा निजको मृत्यु भएमा वैकल्पिक उम्मेदवारले स्वत: नियुक्ति पाउने छ ।

(२) उपदफा १ मा जेसुकै कुरा लेखिएको भएपनि नगरपालिकाले नियुक्त गरेको १ वर्ष पुरा भएपछि रिक्त भएको दरबन्दीमा कुनै वैकल्पिक उम्मेदवारलाई नियुक्ति दिइने छैन ।

१६. **दरखास्त, परीक्षा वा नियुक्ति बदर हुने :** (१) कुनै पनि उम्मेदवारले कुनै झुठा विवरण पेश गरी दरखास्त दिएमा, परीक्षामा सहभागी भएमा वा नियुक्त भएमा उक्त उम्मेदवारको दरखास्त, परीक्षा तथा शिक्षक पद स्वत: बदर हुनेछ ।

(२) उपदफा १ बमोजिम बदर भएको दरखास्त तथा परीक्षाको हकमा परीक्षा दस्तुर फिर्ता हुने छैन ।

(३) उपदफा १ बमोजिम बदर भएको नियुक्ति बदर हुँदासम्म शिक्षकले खाएको तलबभत्ता नगरपालिकामा फिर्ता गर्नुपर्ने छ ।

१७. **करार अवधि :** (१) यस कार्यविधि बमोजिम नियुक्त हुने शिक्षकको अवधि एक शैक्षिक सत्र हुनेछ ।

(२) उपदफा (१) मा बमोजिम नियुक्त भएको शिक्षकले नगरपालिकासँग गरेको करार सम्झौता बमोजिमको शैक्षिक उपलब्धि हासिल गराउन नसकेमा त्यस्तो शिक्षकलाई नगरपालिकाले जुनसुकै बखत हटाउन सक्नेछ । यसरी हटाउनु भन्दा अगाडि निजलाई आफ्नो सफाइ पेस गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(३) नगरपालिकासँग गरेको करार सम्झौता बमोजिमको शैक्षिक उपलब्धि प्राप्त गरेको वा शैक्षिक उपलब्धि सन्तोषजनक देखिएमा प्र. अ. को सिफारिसमा नगरपालिकाले करार अवधि पुन: एक शैक्षिक सत्रका लागि थप गर्नेछ ।

१८. **बाधा अड्काउ फुकाउ र व्याख्या :** (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सक्ने छ ।

(२) यस कार्यविधिको कुनै दफा तथा उपदफामा द्विविधा उत्पन्न भएमा यसको व्याख्या गर्ने अधिकार नगर कार्यपालिकामा हुनेछ ।

(३) यस कार्यविधिमा लेखिएको विषय यही कार्यविधि बमोजिम र अन्य कुराहरु प्रचलित कानुन अनुसार हुनेछ ।

१९. **संशोधन :** यस कार्यविधिमा नगर कार्यपालिकाले आवश्यक संशोधन गर्न सक्ने छ ।

कटहरिया नगरपालिका

अनुसूची १
(दफा ८ को उपदफा २ सँग सम्बन्धित)
दरखास्तका लागि आवेदन फाराम

पासपोर्ट साइजको फोटो

कार्यालय प्रयोजनको लागि मात्र
विद्यार्थीको कोड नं.

विज्ञापन नं.

नाम : (नेपालीमा) लिङ्ग :
नाम : (अङ्ग्रेजीमा)
नागरिकाता नं.: जारी गर्ने जिल्ला : जारी मिति :
स्थायी ठेगाना : प्रदेश जिल्ला
गा.पा/न.पा वडा नं. टोल
सम्पर्क नं.
बाबुको नाम, थर : बाबुको पेसा :
आमाको नाम, थर : आमाको पेसा :
जन्ममिति : दरखास्त दिने मितिमा आवेदकको उमेर :
शैक्षिक योग्यताको विवरण
योग्यता विद्यालय/क्याम्पस उत्तीर्ण गरेको साल प्राप्ताङ्क (प्रतिशत/CGPA) :
कक्षा १० (SEE)/ कक्षा १२/स्नातक तह/स्नातकोत्तर तह/ अन्य
दरखास्त दिन चाहेको तह : दरखास्त दिन चाहेको विषय :
माथि लेखेको विवरण साँचो हो, झुठ्ठा ठहरे प्रचलित कानुन बमोजिम सहुँला/बुझाउँला भनी गर्ने
आवेदकको हस्ताक्षर :

## प्रवेश पत्र

पासपोर्ट साइजको फोटो

**कोड नं. :** **विज्ञापन नं. :**

नाम : लिङ्ग :
ठेगाना : उम्मेदवारको हस्तखत :
परीक्षा केन्द्र :
परीक्षा हुने मिति : समय :

कटहरिया नगरपालिका अन्तर्गतको शिक्षक तथा कर्मचारी छनौट समितिबाट लिइने परीक्षामा सहभागी हुनका लागि तपाईँलाई यो प्रवेश पत्र दिइएको छ । विज्ञापनमा तोकिएको सर्त नपुगेको ठहर भएमा यो प्रवेश पत्र रद्द हुनेछ ।

**कार्यालयको छाप :** **कर्मचारीको दस्तखत :**

**आज्ञाले,**
**राम प्रकाश साह**
**प्रमुख प्रशासकीय अधिकृत**

रु. २५



कटहरिया नगरपालिका